बैठक मिति: २०७९/८/२७

बैठक संख्या: ९

**छलफल तथा निर्णय:**

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट श्रावण मसान्तभित्र यस आयोगमा पेश भएको कोशी करिडोर (अरूण कोरिडोर ) को चतरा - लेगुवाघाट (चेनेज ३९+५०० देखि ६५+ ५०९सम्म) २६.५०९ कि.मि. सडक खण्डलाई ग्राभेल स्तरमा निर्माण कार्य गर्न अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी वातावरणीय अध्ययन कार्य (EIA/IEE) को स्वीकृत पत्र/प्रतिवेदन यस आयोगमा प्राप्त भएपश्चात् मात्र बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट श्रावण मसान्तभित्र यस आयोगमा पेश भएको बड्डीचौर- गुटु- कर्णाली सडक खण्ड, सुर्खेत ८१ कि.मि. आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धमा अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी वातावरणीय अध्ययन कार्य (EIA/IEE) को स्वीकृत पत्र/प्रतिवेदन यस आयोगमा प्राप्त भएपश्चात् मात्र बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट श्रावण मसान्तभित्र यस आयोगमा पेश भएको डुम्रे- वेशिशहर- चामे- मनाङ्ग सडक योजनाको टारीकुना (चेनेज ५२+९०० देखि चेनेज १०३+५१० सम्म) ५०.६१ कि.मि. स्तरोन्नति गर्न अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्त बमोजिम स्रोत व्यवस्थापन हुने गरी वातावरणीय अध्ययन कार्य (EIA/IEE) को स्वीकृत पत्र/प्रतिवेदन यस आयोगमा प्राप्त भएपश्चात् मात्र बहुवर्षीय ठेक्का सम्बन्धी दोस्रो संशोधन मापदण्ड, २०७८ को दफा (३) को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने ।

४. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको पत्रानुसार गुरुयोजना तयार भई सकेको र सो अनुरुप वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य अगाडि बढाइएको भनी लेखी आएको सन्दर्भमा भारतीय अनुदान सहायतामा निर्माण हुने दोधारा- चाँदनी वन्दरगाहका लागि वन क्षेत्र प्रयोग गर्न वन नियमावली, २०७९ को नियम ८८ को उपनियम १ (च) बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा स्वीकृति प्रदान गर्ने।

५. आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट गरिने कार्यहरूको समयसारिणी स्वीकृत गरी सोही अनुसार गर्न गराउन सबैलाई सञ्चार गर्ने।